mayadevi online
राष्ट्रको डिजिटल पत्रिका ॥

# 'पूर्ण सरसफाई नगर' बनाउने बाणगंगाको अभियान सुरुवात

मायादेवी संवाददाता

३ मंसिर २०८१ सोमबार ००:००

18
Shares



**कपिलवस्तु ।**

कपिलवस्तुको बाणगंगा नगरपालिकाले पूर्ण सरसफाई नगर बनाउने अभियान सुरु गरेको छ । बाणगंगाले चालु आर्थिक बर्ष ०८१।८२ को निति तथा कार्यक्रममै समावेश गरी यस अभियानको पहिलो बैठकबाट औपचारिक रुपमै सुरु भएको जनाएको छ ।

उक्त बैठकमा प्रमुख प्रशासकिय अधिकृत भक्तिराम मरासिनीले अभियानको बारेमा विस्तृत जानकारी गराएका थिए । उनले एक साथ ५ वटा अभियान शुरू गरिने बताउदै पूर्ण सरसफाई, पोषण, बालमैत्री, घरजग्गा अभिलेख र संस्थागत सुत्केरी कार्यक्रम संचालन हुने जानकारी दिए ।

उनले पूर्ण सरसफाई अभियान सम्बन्धि विभिन्न ७ वटा सुचकहरु पुरा गर्नुपर्ने बताए । अभियान अन्तर्गत ८० प्रतिशत सुचकहरु सजिलै पुरा गर्न सक्ने अवस्था रहेको उनले दाबी गरे । उनले राजमार्ग आसपासका वडाहरु १, ४, ८ र ७ लाई घोषणा गर्दै क्रमिक रुपमा नगर अघि बढ्ने बताए । नगरको वास प्लान अनुसार काम अघि बढ्ने जानकारी दिए ।

नगरप्रमुख चक्रपाणी अर्यालले विगतमा भौतिक पूर्वाधार निर्माणमा नगरको लगानी केन्द्रित भएको स्मरण गर्दै अब नगर पूर्वाधार विकाससंगै सामाजिक विकासमा मुद्धामा अग्रसर हुने दिशातर्फ अघि बढेको बताए । उनले यसअघि नगरभित्रका मुख्य सडक, पुल, कल्भर्ट र सिचाई सुविधा पुरयाउन ठुलो रकम लगानी गरिरहेको बताउदै अब मानव विकासको सुचांकमा टेवा पुरयाउन सामाजिक सवाललाई प्राथमिकता दिने जानकारी दिए ।

सामाजिक विकासका लागि जनस्तरबाटै सहयोग आवश्यक रहेको बताउँदै उनले भने, 'भौतिक पूर्वाधार निर्माणमा भन्दा सामाजिक विकासमा जनताको सहयोग बढी आवश्यक पर्छ, अन्यथा त्यसका लागि विनियोजित बजेट फ्रिज हुने स्थिति आउन सक्छ ।' जनताको जीवनस्तर माथि उकास्न अब नगर केन्द्रित हुने उनको भनाई छ । उनले नगरको यस अभियानलाई साथ दिई सार्थक तुल्याउन सबैलाई आह्वान समेत गरे ।

नगर प्रमुख अर्यालले फोहोरमैला व्यवस्थापन केन्द्र निर्माणका लागि जग्गा प्राप्तिका लागि बर्षौंदेखि लागेको भएता पनि त्यसले पूर्णता पाउन नसकेको स्मरण गर्दै भने, 'हालसम्म जग्गा प्राप्त भएको भए त्यसले पूर्णता पाएर बनिसकेको हुने थियो ।' ल्याण्ड फिल्ड साईट (प्रशोधन केन्द्र) निर्माणको विषय आम स्थानीय जनतालाई बुझाउन नसकिएको उनले स्वीकार गरे ।

'ल्याण्ड फिल्ड साईट बने पुरै गाउँ नै दुर्गन्धित हुन्छ भन्ने आम जनताको बुझाई छ, यसलाई चिर्न जरुरी छ,' उनले भने ।

कार्यक्रममा बोल्दै नेपाली कांग्रेसका नगर सभापति विष्णु थापा, नेकपा एमाले नगर सचिव चेत नारायण भण्डारी, माओवादीका नगर इन्चार्ज नाराण भुसाल, भुपु सैनिक खानेपानी तथा सरसफाई उपभोक्ता समूहका अध्यक्ष राजेन्द्र विक्रम शाह, बाणगंगा खानेपानी तथा सरसफाई उपभोक्ता समूहका अध्यक्ष विश्व कार्की, पत्रकार हरि अधिकारी लगाएतले नगरको पूर्ण सरसफाई अभियानलाई पूर्ण रुपमा सहयोग गर्ने प्रतिवद्धता जनाए ।

उनीहरुले पूर्ण सरसफाईका कार्यक्रमलाई नियमित रुपमा संचालन गर्न सुझाव दिए । त्यसका लागि वडासंगै टोल विकास समितिलाई सक्रिय बनाएर अघि बढ्न आवश्यक रहेको उनीहरुको भनाई छ । उनीहरुले राजनितिक दलको लडाईले हालसम्म पनि फोहोरमैला व्यवस्थापन केन्द्र निर्माण हुन नसकेको बताएका थिए । कामको जस कसले लिने

भन्ने विषयले विकास निर्माणका काम अवरुद्ध हुनु दुखत भएको उनले बताए । उनीहरुले अभियानको थालनी बाणगंगाका मुख्य बजार क्षेत्रबाट गर्न सुझाव दिएका थिए ।




यसैबीच बाणगंगा नगरपालिका वडा नं २ मा पूर्ण सरसफाई अभियानको शुरुवात गर्दै स्थानीय सरोकारवालाहरुसंग अन्तरक्रिया गरिएको थियो ।

प्रकाशित मिति : ३ मंसिर २०८१ सोमबार ००:००  १० : १९ बजे

ADVERTISEMENT




ADVERTISEMENT




## प्रतिक्रिया

**0 comments**

Sort by Oldest

Add a comment...

Facebook Comments Plugin

ADVERTISEMENT

# नेपाल विद्युत प्राधिकरणको अनुरोध

**(सचेतना मुलक शन्देश )**

१) विद्युत चोरी दण्डनीय अपराध हो ।

२) विधुत चोरी भएको देखेमा विधुतको स्थानीय कार्यालयमा तुरुन्त खबर गरौं ।

३) विधुत चोरी हटाउँ, विधुत बचतमा सजगता अपनाउँ ।

४) विधुत सम्बन्धि समस्या देखिएमा विधुतको स्थानीय कार्यालयमा तुरुन्त खबर गरौं ।

५) विद्युतीय सामाग्रीहरुमा आगोको झिल्काहरु देखिएमा तुरुन्त मेन स्वीच बन्द गरौं ।

६) घर भित्र बिजुलीको सामानको प्रयोग गर्दा अनिवार्यरुपमा सुख्खा चप्पलको प्रयोग गरौं ।

७) घरमा बिजुलीका सामाग्रीहरु तथा प्लगहरु बालबालिकाहरुले भेटेने ठाउँमा नराखौं ।

८) बिद्युत सामाग्रीहरु खरिद गर्दा गुणस्तर चिन्ह भएको मात्र खरिद गरौं ।

९) एउटै मल्टीप्लगबाट धेरै बिद्युतीय सामाग्रीहरु एकै पटक प्रयोग नगरौं ।

१०) बिद्युत सम्बन्धि पुर्ण ज्ञान नभएको व्यक्तीले बिद्युतको मर्मत कार्य नगरौं ।

११) हावाहुरी र चटयाङ परेको समयमा बिद्युतीय सामाग्रीको प्रयोग नगरौं ।

१२) भिजेको हातले कुनै पनि बिद्युतीय उपकरण प्रयोग नगरौं ।

१३) दिउँसोको समयमा सडक बत्तीको स्वीच बन्द गरौं ।

**नेपाल बिद्युत प्राधिकरण**

**तौलिहवा बितरण केन्द्र**

## भर्खरै

प्रधानमन्त्री ओलीविरुद्ध भ्रम फैलाएको आरोपमा दुर्गा प्रसाईं पक्राउ

चौथो बुद्धभूमि महोत्सवको आयोजक बुद्धभूमि उद्योग वाणिज्य संघ, मंसिर ६ मा उद्घाटन

पञ्चेबाजा संरक्षणमा सक्रिय कला केन्द्र


शिवराज ७ को वडा कार्यालय भवनको शिल्यानास, असार मसान्तभित्रै सक्ने लक्ष्य

त्रिशूलीमा खस्यो ट्रक, ३ जनाको उद्धार

बागलुङको गलकोटका ११ वटै वडामा पुग्यो सडक

आप्रवासीलाई सामूहिक देश निकाला गर्न सेना प्रयोग गर्ने ट्रम्पको घोषणा


Mayadevionline.com
96,587 followers






## धेरै पढिएको


प्रधानमन्त्री ओलीविरुद्ध भ्रम फैलाएको आरोपमा दुर्गा प्रसाईं पक्राउ


चौथो बुद्धभूमि महोत्सवको आयोजक बुद्धभूमि उद्योग वाणिज्य संघ, मंसिर ६ मा उद्घाटन


पञ्चेबाजा संरक्षणमा सक्रिय कला केन्द्र


त्रिशूलीमा खस्यो ट्रक, ३ जनाको उद्धार



[आप्रवासीलाई सामूहिक देश निकाला गर्न सेना प्रयोग गर्ने ट्रम्पको घोषणा]

## थप समाचार




[चौथो बुद्धभूमि महोत्सवको आयोजक बुद्धभूमि उद्योग वाणिज्य संघ, मंसिर ६ मा उद्घाटन]



[शिवराज ७ को वडा कार्यालय भवनको शिल्यानास, असार मसान्तभित्रै सक्ने लक्ष्य]




[श्रृङ्गीघाट सामुदायिक वनको साधारण सभा सम्पन्न : नमूना कामको प्रशंसा]




[भाषा संस्कृति संरक्षणमा जोड दिन आवश्यक : सांसद पन्थी]




[कपिलवस्तु शुद्धोधन १ मा नेकपा एसबाट सुब्बा थारुको उम्मेदवारी]



[करदाता सेवा कार्यालय तौलिहवा सर्वोत्कृष्ट]



[नेपालकै कान्छो नासु र पूर्व शिक्षिकालाई सिद्धार्थ माविद्धारा सम्मान]



[जैविक मल उत्पादन गरी रासायनिक मलको विस्थापन गरौंः सांसद पन्थी]


mayadevi online
राष्ट्रको डिजिटल पत्रिका ॥

मायादेवी अनलाइन डट कम फ्लो गर्नुहोस

## मायादेवी मिडिया ग्रुप प्रा.लि.

**केन्द्रिय कार्यालय:** वाणगंगा , कपिलवस्तु

**सूचना विभाग दर्ता नं. :** १२८१/०७५-०७६

**अध्यक्ष/कार्यकारी निर्देशक** : हरि अधिकारी

**ई-मेल:** onlinemayadevi@gmail.com /

## साइट नेविगेशन

गृहपृष्ठ
प्रमुख समाचार
राजनीति
अर्थतन्त्र
कपिलवस्तु विशेष
कला-साहित्य
किसानका कुरा
कोरोना बिशेष
खेलकुद
पर्यटकिय चिनारी
लुम्बिनी प्रदेश विशेष
मायादेवी फिचर
मायादेवी लेन्स
मायादेवी वार्तालाप
विचार-मन्थन
स्थानीय तह निर्वाचन २०७९
स्थानीय तह विशेष
शिक्षा
ब्यानर
सम्पादकीय

## हाम्रो टिम

**सम्पादक :** हरि अधिकारी

**कार्यकारी सम्पादक:** दिपक अनुरागी

**व्यवस्थापक :** बाबुराम रायमाझी

**जिल्ला व्युरो:** सुर्य चुदाली

**समाचार डेस्क:** दीपा महत

**भिडियो सम्पादक:** विमल गैरे

mayadeviradio@gmail.com,

विज्ञापन: ९८४७०४०३७४,
९८६७२२५४०९
०७६—५५०३५९, ५५०३६०



©2024 Mayadevi Online News Portal सर्वाधिकार सुरक्षित मायादेवी अनलाइन डटकम | Site By : Appharu